**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**

**माननीय न्यायाधीश श्री अब्दुल अजीज मुसलमान**

**आदेश**

**०८०-WO-१४५६**

मुद्दाः- उत्प्रेषण समेत।

जय नारायणको नाति टिकाराम गौतमको छोरा जिल्ला रुपन्देही तिलोत्तमा न.पा.वडा नं. २ घर भई नेपाल स्वस्थ्य सेवा ज.हे.स. एघारौं तहमा लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा कार्यरत वर्ष ४३ को विष्णु गौतम.............................. १ — निवेदक

विरुद्ध

लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राप्ती उपत्यका (देउखुरी) दाङ्ग.......................................................................१ — विपक्षी

लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) दाङ्ग........१

लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल, रुपन्देहीको अस्पताल विकास समिति.........१

लुम्बिनी प्रादेशिक अस्पताल बुटवल, रुपन्देहीमा वरिष्ठ कन्सल्टेण्ट अर्थोपेडिक (दशौं तह) मा कार्यरत निमित्त मेडिकल सुपरिन्टेण्डेण्टको रुपमा तोकिएका डा. ईन्द्र ढकाल.......................................................................१

नेपालको संविधानको धारा १३३ (२) र (३) बमोजिम यस अदालतको असाधारण क्षेत्राधिकारभित्र दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य खण्ड एवम आदेश खण्ड यस प्रकार रहेको छः-

तथ्य खण्ड

१. म निवेदक बंगलादेश स्थित University of Science and Technology बाट एम.बि.बि.एस (MBBS) तहको उपाधि प्राप्ति गरी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

मेडिकल अधिकृत आठौं तहमा शुरु स्थायी नियुक्ति भई निरन्तर सेवामा समर्पित रहेकोमा नेपाल सरकारबाट पूर्ण छात्रवृति प्राप्त गरी त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्जबाट एमपिएच (MPH) तहको शैक्षिक उपाधि समेत प्राप्त गरी अस्पताल प्रशासन र सञ्चालनको ज्ञान र दक्षता पनि प्राप्त गरेको छु। यसै बीच नेपाल स्वास्थ्य सेवा जनरल हेल्थ समूह पद प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट तह एघारौं पद खुला प्रतिस्पर्धाबाट उत्तीर्ण गरी लोक सेवा आयोगको सिफारिशका आधारमा मिति २०७८।०९।०५ मा स्थायी नियुक्ति भई नेपाल सरकार, जनसंख्या मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०७८।०९।११ को निर्णयानुसार मलाई पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा पदस्थपन गरिएको भए पनि म निवेदकलाई श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लुम्बिनी प्रदेशलाई संवोधन गरी प्रदेश वा अन्तर्गत कामकाज गर्न खटाईएको आधारमा म मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा गई करिव दुई हप्ता जति सोही कार्यालयमा हाजिर हुंदै आएकोमा पछि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (कर्मचारी प्रशासन शाखा) को पत्रानुसार म निवेदकलाई स्वास्थ्य जनसंख्या तथा परिवार कल्याण मन्त्रालय, लुम्बिनी प्रदेशमा कामकाजमा खटाएको र उक्त मन्त्रालयमा मिति २०७८।०९।१६ देखि २०७९।०७।१६ सम्म कुनै भूमिका नै नदिई तलव सुविधा समेत निकासा नदिई हाजिर मात्र गराई राखिएको थियो। तत्तपश्चात विपक्षी मन्त्रिपरिषदको मिति २०७९।०५।२६ को निर्णय बमोजिम म निवेदकलाई एघारौं तह प्रमुख मेडिकल सुपरिन्टेण्डेण्टको स्थायी दरवन्दी नै नरहेको पाल्पा अस्पताल, तानसेनमा कामकाजका लागि खटाइएका आधारमा म निवेदक सो अस्पतालमा हाजिर हुनजान बाध्य भएँ। यसैक्रममा म पाल्पा अस्पतालमा कार्यरत रहेकै अवस्थामा विपक्षी लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद) को मिति २०७९।१२।२० गतेको निर्णयका आधारमा विपक्षी मन्त्रिपरिषदको कार्यालयको पत्रले म निवेदकको पद समेत नखुलाई कपटपूर्ण रुपले अधिकृत स्तर एघारौं तह सम्म उल्लेख गरी मलाई विपक्षी प्रादेशिक अस्पतालमा कामकाजमा खटाइएको कारण म भूमिका बिहिन अवस्थामा सो अस्पतालमा हाजिर भई आएको छु।

२. यसै बीच लुम्बिनी प्रादेशिक अस्पतालमा मेडिकल सुपरिन्टेण्डण्टको पद रिक्त भई सो पदमा नयाँ नियुक्ति गर्नु पर्ने अवस्था आएको थियो। म निवेदक लोक सेवा आयोगको सिफारिशका आधारमा नेपाल स्वास्थ्य सेवा जनरल हेल्थ समूह प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट एघारौं तहमा नियुक्त र पदस्थापन भए पश्चात विपक्षीहरुले मेरो पदीय हैसियत अनुसारको जिम्मेवारी र भूमिका नदिई मलाई यताउता भौतारिन बाध्य पारेको अवस्था छ। म निवेदक नियुक्त भएको

पद प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट नेपाल स्वास्थ्य नियमावली, २०५३ नियम ७ अन्तर्गत अनुसूची—३ को जनरल हेल्थ सर्भिसेज को सि.नं. ३ बमोजिम सृजना भएको पद हो। स्वास्थ्य मन्त्रालयले तत्कालीन लुम्बिनी अञ्चल अस्पतालका लागि निर्धारण गरेको कार्यालय तथा दरवन्दी विवरणमा समेत सि.नं. १ मा प्रमुख मेडिकल सुपरिन्टेण्डेण्टको दरवन्दी तेरिज गरेको देखिन्छ। सोही पदमा रही साविक लुम्बिनी अञ्चल अस्पताल हालको लुम्बिनी प्रादेशिक अस्पतालको प्रशासनिक तथा व्यवस्थापकिय नेतृत्वको भूमिका निर्वाह गर्नका लागि म निवेदकलाई विपक्षी मध्येको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लुम्बिनी प्रादेशिक अस्पताल, लुम्बिनी प्रदेश मुकाम बुटवललाई समेत बोधार्थ दिई म निवेदकलाई मिति २०७८।०९।११ को पत्रद्धारा कामकाजका लागि खटाइएको भए पनि विपक्षीहरुले म निवेदक प्रति प्रवृत भावना राखी मलाई उक्त पदमा पदास्थापन नगरी पहुंच, सम्बन्ध र निहित स्वार्थका लागि म निवेदक भन्दा कनिष्ट व्यक्तिलाई निमित्त मेडिकल सुपरिन्टेण्डेण्टको जिम्मेवारी दिई कामकाज गराईदै आएको छ।

३. पदले नै प्रमुख मेडिकल सुपरिन्टेण्डेण्टको पदीय हैसियतमा रहेको म निवेदकलाई मेरो पदीय जिम्मेवारीमा मलाई कामकाजमा लगाइन्छ भन्ने विश्वास र वैध अपेक्षाका साथ प्रतिक्षारत रहेको अवस्थामा हठात पहुँच र सम्बन्धका आधारमा निहित स्वार्थ परिपूर्तिका लागि म निवेदकलाई सो पदीय जिम्मेवारी नदिई म भन्दा कनिष्ट पदीय हैसियतमा रहेका विपक्षी मध्येका डा. ईन्द्र ढकाललाई विपक्षी मध्येको प्रदेश मन्त्रिपरिषदले मिति २०८१।०२।१८ गतेको निर्णयले आर्थिक तथा प्रशासनिक अधिकार सहित निमित्त मेडिकल सुपरिन्टेण्डेण्टको जिम्मेवारी तोक्ने गरी निर्णय गरेको र सो निर्णयका आधारमा विपक्षी मध्येको मन्त्रालयले च.नं. १५६८, मिति २०८२।०२।२० को पत्रद्धारा जिम्मेवारी तोकिएको रहेछ। विपक्षी मध्येका डा. ईन्द्र ढकाललाई लुम्बिनी प्रादेशिक अस्पताल जस्तो महत्वूर्ण स्वास्थ्य संस्थामा निमित्त मेडिकल सुपरिन्टेण्डेण्टको जिम्मेवारी तोक्ने गरी विपक्षी मध्येको प्रदेश मन्त्रिपरिषदको मिति २०८१।०२।१८ को निर्णय र सो निर्णय अनुसार भए गरेका सम्पूर्ण काम कारवाही तथा पत्राचार समेत बेरीतपूर्ण, गैरकानूनी, प्रवृत भावनाले ग्रसित र स्वेच्छाचारी भई बदरभागी छन्।

४. म निवेदकलाई लुम्बिनी प्रादेशिक अस्पतालको प्रशासनिक नेतृत्वको प्रमुख मेडिकल सुपरिन्टेण्डेण्टको जिम्मेवारी तोकिनु पर्नेमा म प्रति प्रवृत भावना राखी मलाई भूमिका र जिम्मेवारी बिहिन बनाई सो जिम्मेवारी बहन गर्ने योग्यता र पदीय हैसियत नरहेका सर्जरी समूहका चिकित्सकलाई अस्पताल प्रशासन जस्तो संवेदनशील जिम्मेवारी तोक्ने गरी विपक्षी मध्येको लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद) को मिति २०८१।०२।१८ गतेको निर्णय र

सो निर्णय कार्यान्वयनका क्रममा विपक्षी प्रदेश स्वास्थ्य मन्त्रालयबाट मिति २०८१।०२।२० गते जारी गरिएको जिम्मेवारी तोकिएको व्यहोराको पत्र तथा सो पत्र बमोजिम भए गरेका सम्पूर्ण काम कारवाही समेत उत्प्रेषणको आदेशद्धारा बदर गरी म निवेदकको पद अनुसारको जिम्मेवारीमा काममा लगाउन उत्तरदायी रहेका विपक्षीहरुले हालसम्म म प्रति प्रवृत भावना राखी मलाई भूमिका र जिम्मेवारी बिहिन बनाएकोले म निवेदकलाई मेरो पद अनुसारको जिम्मेवारी र भूमिका दिने गरी तत्काल आवश्यक निर्णय गरी सो निर्णयलाई अविलम्व कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरुका नाममा परमादेशको आदेश समेत अन्य उपयुक्त आदेश जारी गरी विपक्षी मध्येको डा. ईन्द्र ढकाललाई निमित्त मेडिकल सुपरिन्टेण्डेण्टको हैसियतमा कुनै काम गर्न नदिनु नदिलाउनु, निजलाई निमित्त मेडिकल सुपरिन्टेन्डेण्डको पदमा नियुक्तिका लागि गरेको सिफारिश तत्काल कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितिमा राख्नु भनि विपक्षीहरुका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश समेत जारी गरी न्याय पाउँ।

५. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार कारण सहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र प्रत्यर्थी नं. १, २, ३ र ४ का हकमा मुख्य न्यायाधिवक्ताको कार्यालय, लुम्बिनी प्रदेश मार्फत लिखित जवाफ पेस गर्नु होला भनी प्रत्यर्थीहरुका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई सो को बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्याद भित्र लिखित जवाफ परे वा अवधि नाघे पछि नियमानुसार पेस गर्नु साथै अन्तरिम आदेश समेत माग भएकोमा रिट निवेदन पत्र व्यहोरा एवम् संलग्न कागजातबाट प्रत्यर्थी समेत सँग छलफल गरी सो सम्बन्धमा टुंगोमा पुग्न मनासिव देखिंदा उक्त प्रयोजनको लागि मिति २०८१।३।२३।१ को पेशी तोकी प्रत्यर्थीहरुलाई समेत सूचना दिई नियामानुसार गर्नू। साथै नेपाल सरकारको मिति २०७८।९।१ को निर्णय अनुसार नेपाल स्वास्थ्य सेवा, जनरल हेल्थ समूह, प्रमुख मेडीकल सुपरिन्टेण्डेण्ट एघारौं तहमा स्थायी नियुक्ती भएका निवेदक डा. विष्णु गौतम कार्यरत रहँदा रहँदै निज भन्दा कनिष्ठ एवं मेडिकल सुपरिन्टेण्डेण्टको लागि आवश्यक शैक्षिक योग्यता समेत नरहेका प्रत्यर्थी वरिष्ठ कन्सल्टेण्ट अर्थोपेडिक सर्जन दशौं तहका डा. इन्द्र ढकाललाई लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलको आर्थिक र प्रशासनिक जिम्मेवारी सहित निमित्त मेडिकल सुपरिन्टेण्डेण्टको जिम्मेवारी तोकिएको भन्ने Prima Facie देखिएको अवस्था हुँदा सो सम्बन्धमा प्रत्यर्थीहरुसँग समेत छलफल गरी टूंगो नलाग्दा सम्म लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयको मिति २०८१।०२।१८ को निर्णय अनुसार

भनी प्रत्यर्थी डा. ईन्द्र ढकाललाई आर्थिक र प्रशासनिक जिम्मेवारी सहित निमित्त मेडिकल सुपरिन्टेण्डेण्टको जिम्मेवारी तोकिएको निर्णय/कारवाही/पत्रचार कार्यान्वयन नगर्नु, यथास्थितिमा राखु भनी प्रत्यर्थीहरुको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(ख) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरी दिएको छ आदेशको जानकारी प्रत्यार्थीहरुलाई दिई नियमानुसार गर्नु भन्नेसमेत व्यहोराको मिति २०८१।०३।१४ मा यस अदालतबाट भएको आदेश।

६. प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ११५ मा संघीय निजामती कर्मचारी खटाउने सम्बन्धी व्यवस्था बमोजिम ऐ. ऐनको दफा २५ को उपदफा १ को खण्ड (क) र (ख) बमोजिम अस्पतालको प्रशासन सञ्चालन र व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउने उदेश्यले लुम्विनी प्रादेशिक अस्पतालको प्रशासनलाई केही समयको लागि व्यवस्थित गर्न मेडिकल सुपरिन्टेन्डेण्डको पदमा निमित्तको जिम्मेवारी डा. ईन्द्र ढकाललाई तोकिएको हो। प्रदेशका कार्यक्षेत्र भित्र रहेका अस्पतालमा होस वा अन्य कुनै निकायमा सर्वसाधारणले सरकारबाट सेवा पाउने अधिकारको आधारमा कार्यकारी आवश्यकता अनुसार प्रशासनिक प्रबन्ध गर्नुपर्ने हुन्छ। सोही प्रशासनिक प्रबन्धको रुपमा डा. ईन्द्र ढकाललाई निमित्तको रुपमा तोकिएको जिम्मेवारी सम्बन्धमा दायर भएको रिट खारेज भागी छ भन्नेसमेत व्यहोराको प्रदेश सचिव निराजन घिमिरेले यस अदालतमा पेश गरेको लिखित जवाफ।

७. विपक्षी विष्णु गौतम संघको नेपाल स्वास्थ्य सेवा, जनरल हेल्थ समूह अन्तर्गत अधिकृत एघारौं तहमा कार्यरत व्यक्ति हुन। लुम्बिनी सरकार मन्त्री परिषदको मिति २०७९।१२।०२ गतेको निर्णय बमोजिम लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा अधिकृत स्तर एघारौं तहको हैसियतले काम काज गर्न खटाइएको थियो। त्यसैगरी लुम्बिनी/प्रादेशिक अस्पतालमा एघारौं तहका ९ जना चिकीत्सकहरु हुनुहुन्छ भने विपक्षी रीट निवेदक भन्दा सिनीयर चिकित्सकहरु ४ जना हुनुहुन्छ। अर्कोतर्फ विपक्षी भन्दा सिनीयर चिकित्सकहरु हुँदा हुँदै विपक्षीले लुम्बिनी प्रादेशिक अस्पतालको कार्यालय प्रमुख आफू हुन पाउने अधिकार हो भन्न पनि मिल्ने होइन। मेडिकल सुपरिन्टेण्डेन्ट पदनाम जनरल हेल्थ सर्भिसेज समूह, पब्लिक हेल्थ एडमीनिष्ट्रेसन समूह लगायत विभिन्न समूहमा छन्। पदनाम र पदीय जिम्मेवारी भिन्न कुरा हुन्। पदनामको आधारमा विपक्षीलाई प्रदेश सरकार तथा प्रदेश स्वास्थ्य मन्त्रालयले कार्यालय प्रमुखको जिम्मेवारी तोक्नु पर्छ भन्ने प्रचलित कानुनमा कहि कतै व्यवस्था छैन। पदनामकै आधारमा विपक्षीले लुम्बिनी प्रादेशिक अस्पतालको कार्यालय प्रमुखको हैसियतले काम गर्न पाउनु पर्छ भन्न मिल्ने होइन। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा ऐ. नियमावली समेतमा अस्पतालको

कार्यालय प्रमुख पदमा यही पदनाम भएको व्यक्तिलाई नियुक्त गर्नु पर्छ भन्ने कानुनी व्यवस्था पनि छैन। म डा. इन्द्र ढकाल २०६० सालमा अधिकृत तहमा स्थाई नियुक्ति भई यस भन्दा अगाडि दुई पटक विभिन्न अस्पतालमा कार्यालय प्रमुख भई कुशल प्रशासन र व्यवस्थापनको ज्ञान प्राप्त गरेको विपक्षी रीट निवेदक भन्दा जेष्ठ अनुभवी चिकित्सक हुँ। विपक्षीको रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको डा. इन्द्र ढकालले यस अदालतमा पेश गरेको लिखित जवाफ।

८. विपक्षी विष्णु गौतम संघको नेपाल स्वास्थ्य सेवा, जनरल हेल्थ समूह अन्तर्गत अधिकृत एघारौं तहमा कार्यरत व्यक्ति हुन्। निज यस अस्पतालमा कार्यरत हुनुहुन्छ। नेपाल स्वास्थ्य नियमावली, २०५३ को नियम ५ बमोजिम अनुसूची ३ मा सेवामा रहने पदनामहरु उल्लेख गरीएको छ। मेडिकल सुपरिन्टेण्डेन्ट पदनाम जनरल हेल्थ सर्भिसेज समूह, पब्लिक हेल्थ एडमीनिष्ट्रेसन समूह लगायत विभिन्न समूहमा छन। पदनाम र पदीय जिम्मेवारी भिन्न कुरा हुन। पदनामको आधारमा विपक्षीलाई प्रदेश सरकार तथा प्रदेश स्वास्थ्य मन्त्रालयले कार्यालय प्रमुखको जिम्मेवारी तोक्नु पर्छ भन्ने प्रचलित कानुनमा कहि कतै व्यवस्था छैन। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा ऐ. नियमावली समेतमा अस्पतालको कार्यालय प्रमुख पदमा यही पदनाम भएको व्यक्तिलाई नियुक्त गर्नु पर्छ भन्ने कानुनी व्यवस्था पनि छैन। त्यसैगरी लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० र ऐ. नियमावली, २०८० मा समेत अस्पतालमा कही कतै यस समूहको चिकित्सक मात्र कार्यालय प्रमुख हुनु पर्छ भन्ने व्यवस्था गरेको छैन। यसको साथै लुम्बिनी प्रदेश निजामती सेवा ऐन , २०८० को दफा ११५ ले संघिय निजामती कर्मचारीलाई आवश्यक्ता अनुसार खटाउन सक्ने अधिकार प्रदेश सरकारलाई दिएको हुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको विनोद कुमार गिरीले यस अदालतमा पेश गरेको लिखित जवाफ।

९. प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ११५ मा संघीय निजामती कर्मचारी खटाउने सम्बन्धी व्यवस्था बमोजिम ऐ. ऐनको दफा २५ को उपदफा १ को खण्ड (क) र (ख) बमोजिम अस्पतालको प्रशासन सञ्चालन र व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउने उदेश्यले लुम्बिनी प्रादेशिक अस्पतालको प्रशासनलाई केही समयको लागि व्यवस्थित गर्न मेडिकल सुपरिन्टेन्डेण्डको पदमा निमित्तको जिम्मेवारी डा. ईन्द्र ढकाललाई प्रदेश सरकार (मन्त्रिपरिषद) को २०८१।०२।१८ को निर्णयानुसार आर्थिक तथा प्रशासनिक जिम्मेवारी सहित तोकिएको हो। प्रदेशका कार्यक्षेत्र भित्र रहेका अस्पतालमा होस वा अन्य कुनै निकायमा सर्वसाधारणले सरकारबाट सेवा पाउने अधिकारको आधारमा कार्यकारी आवश्यकता अनुसार प्रशासनिक

प्रबन्ध गर्नुपर्ने हुन्छ। सोही प्रशासनिक प्रबन्धको रुपमा डा. ईन्द्र ढकाललाई निमित्तको रुपमा तोकिएको जिम्मेवारी सम्बन्धमा दायर भएको रिट खारेज भागी छ भन्नेसमेत व्यहोराको वासुदेव उपाध्यायले यस अदालतमा पेश गरेको लिखितजवाफ।

## यस अदालतको आदेश

१०. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितको मिसिल कागजात अध्ययन गरियो ।

११. निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी तथा विद्वान अधिवक्ताहरु श्री नारायणप्रसाद पन्थी, श्री केशरमणी अर्याल तथा श्री ओम प्रकाश अर्यालले रिट निवेदक ११ औं तहका विशेषज्ञ चिकित्सक प्रादेशिक अस्पताल वुटवलमा कार्यरत हुँदाहुँदै निवेदक भन्दा कनिष्ट १० औं तहका चिकित्सकलाई निमित्त मेडिकल सुपरिन्टेन्डेण्ड को जिम्मेवारी दिने गरी भएको निर्णय समेत उत्प्रेषणको आदेशले बदर गरी निवेदकलाई सो अस्पतालको मेडिकल सुपरिन्टेन्डेण्ड पदको जिम्मेवारी दिनु भनी परमादेशको आदेश जारी गरी पाउँ भनी गर्नु भएको बहस सुनियो ।

१२. प्रत्यर्थीहरु मध्येका लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका तर्फबाट उपस्थित हुनु भएका मुख्य न्यायाधिवक्ता श्री यमलाल खनाल तथा प्रत्यर्थी डा. इन्द्र ढकालका तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री हरिहर दाहाल र श्री रमण कुमार श्रेष्ठ ले लुम्बिनी प्रादेशिक अस्पतालको प्रशासनलाई केही समयको लागि व्यवस्थित गर्न मेडिकल सुपरिन्टेन्डेण्डको पदमा निमित्तको जिम्मेवारी डा. ईन्द्र ढकाललाई तोकिएको सम्म हो। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा ऐ. नियमावली समेतमा अस्पतालको कार्यालय प्रमुख पदमा यही पदनाम भएको व्यक्तिलाई नियुक्त गर्नु पर्छ भन्ने कानुनी व्यवस्था पनि छैन। त्यसैगरी लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० र ऐ. नियमावली, २०८० मा समेत अस्पतालमा कही कतै यस समूहको चिकित्सक मात्र कार्यालय प्रमुख हुनु पर्छ भन्ने व्यवस्था गरेको नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको बहससमेत सुनियो।

१३. यसमा म निवेदक लुम्बिनी प्रादेशिक अस्पतालको ११ औं तहको प्रमुख मेडिकल सुपरिन्टेन्डेण्डको पदमा कार्यरत हुँदाहुँदै मलाई मेरो पदीय हैसियत अनुसारको जिम्मेवारी र भूमिका विहिन बनाई सो जिम्मेवारी बहन गर्ने योग्यता र पदीय हैसियत नरहेका सर्जरी समूहका १० औं तहका चिकित्सकलाई निमित्त प्रमुखको जिम्मेवारी तोक्ने गरी विपक्षी मध्येको लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद) को मिति २०८१।०२।१८ गतेको निर्णय र सो निर्णय

कार्यान्वयनका क्रममा विपक्षी प्रदेश स्वास्थ्य मन्त्रालयबाट मिति २०८१।०२।२० गते जारी गरिएको जिम्मेवारी तोकिएको व्यहोराको पत्र तथा सो पत्र बमोजिम भए गरेका सम्पूर्ण काम कारवाही समेत उत्प्रेषणको आदेशद्धारा बदर गरी म निवेदकको पद अनुसारको जिम्मेवारी र भूमिका दिनु भनी विपक्षीहरुका नाममा परमादेशको आदेश जारी गरी विपक्षी मध्येका डा. ईन्द्र ढकाललाई निमित्त मेडिकल सुपरिन्टेन्डेण्डको हैसियतमा कुनै काम गर्न नदिनु नदिलाउनु, निजलाई निमित्त मेडिकल सुपरिन्टेन्डेण्डकोपदमा नियुक्तिका लागि गरेको सिफारिश तत्काल कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितिमा राख्नु भनि विपक्षीहरुका नाममा अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्नेसमेत व्यहोराको निवेदन पत्र र प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ११५ मा संघीय निजामती कर्मचारी खटाउने सम्बन्धी व्यवस्था बमोजिम ऐ. ऐनको दफा २५ को उपदफा १ को खण्ड (क) र (ख) बमोजिम अस्पतालको प्रशासन सञ्चालन र व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउने उदेश्यले लुम्बिनी प्रादेशिक अस्पतालको प्रशासनलाई केही समयको लागि व्यवस्थित गर्न मेडिकल सुपरिन्टेन्डेण्डको पदमा निमित्तको जिम्मेवारी डा. ईन्द्र ढकाललाई तोकिएको हो भन्ने व्यहोराको प्रदेश सचिव निराजन घिमिरेको, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा ऐ. नियमावली समेतमा अस्पतालको कार्यालय प्रमुख पदमा यही पदनाम भएको व्यक्तिलाई नियुक्त गर्नु पर्छ भन्ने कानूनी व्यवस्था पनि छैन। त्यसैगरी लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० र ऐ. नियमावली, २०८० मा समेत अस्पतालमा कही कतै यस समूहको चिकित्सक मात्र कार्यालय प्रमुख हुनु पर्छ भन्ने व्यवस्था गरेको छैन। यसको साथै लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ११५ ले संघिय निजामती कर्मचारीलाई आवश्यकता अनुसार खटाउन सक्ने अधिकार प्रदेश सरकारलाई दिएको हुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाऊँ भन्ने विनोद कुमार गिरीको र लुम्बिनी/प्रादेशिक अस्पतालमा एघारौं तहका ९ जना चिकित्सकहरु हुनुहुन्छ भने विपक्षी रीट निवेदक भन्दा सिनीयर चिकित्सकहरु ४ जना हुनुहुन्छ। अर्कोतर्फ विपक्षी भन्दा सिनीयर चिकित्सकहरु हुँदा हुँदै विपक्षीले लुम्बिनी प्रादेशिक अस्पतालको कार्यालय प्रमुख आफू हुन पाउने अधिकार हो भन्न पनि मिल्ने नहुँदा रीट निवेदन खारेज गरीपाउँ भन्नेसमेत व्यहोराको डा. इन्द्र ढकालको लिखित जवाफ रहेको देखियो।

१४. उल्लिखित तथ्य तथा व्यहोरा भएको प्रस्तुत निवेदकका सम्बन्धमा देहायका विषयमा निर्णय निर्णय गर्नु पर्ने देखियोः

क. रिट निवेदक डा. विष्णु गौतम वा के कुन तहको विशेषज्ञ चिकित्सकलाई लुम्विनी प्रादेशिक अस्पतालको प्रशासकीय प्रमुखको जिम्मेवारी दिनु पर्ने हो?

ख. विपक्षी डा. इन्द्र ढकाललाई निमित्त प्रमुखको जिम्मेवारी दिने प्रदेश मन्त्रीपरिषदको निर्णय मिलेको छ वा छैन? र

ग. रिट निवेदकको मागबमोजिम रिट जारी गर्नु पर्ने हो वा होइन?

१५. निरुपण हुनुपर्ने पहिलो प्रश्नतर्फ विचार गर्दा, सार्वजनिक सेवा प्रदान गर्ने सरकारी कार्यालयहरुमा कार्यको प्रकृती र आवश्यकता अनुसारका दरवन्दीहरु सृजना गरी सोही बमोजिम पदपूर्ति गरिएको हुन्छ भनी मान्नु पर्ने हुन्छ। स्वीकृत दरवन्दी अनुसारको पदमा कार्यरत कर्मचारीहरुलाई निजहरुको पदिय हैसियत अनुसारको जिम्मेवारी र कर्तव्य तोकिनु पर्दछ र सोही अनुसार तोकिएको हुन्छ भनी विश्वास गरिन्छ। सरकारी कार्यालय वा निकायहरुमा प्रशासकीय र व्यवस्थापकीय नेतृत्वको लागि कार्यालय प्रमुख रहनु पर्छ भन्ने विषयमा दुइमत छैन। राज्यका विभिन्न सेवाहरुको संचालनका लागि नेपाल सरकारले विभिन्न सेवा समुहहरुको गठन गरी ती निकायहरुमा कार्यरत पदाधिकारीहरुको जिम्मेवारी समेत बाँडफाँड गरिएको हुन्छ। सरकारी कार्यालयहरुमा कुन तह वा दर्जाको कार्यालय प्रमुख रहने भन्ने विषयमा सम्बन्धित ऐन नियममा तोकि पदिय कार्यविवरण समेत निर्धारण गरिएको हुन्छ। यदी ऐनले स्पष्ट रुपमा कुन दर्जाको अधिकारीलाई कार्यालय प्रमुख हुने भनी नतोकिएको, स्पष्ट कार्य विवरण पनि निर्धारण नगरिएको अवस्थामा सो कार्यालयमा कार्यरत योग्यता पुगेका माथिल्लो दर्जामा कार्यरत कर्मचारीहरु मध्यबाट सम्बन्धीत निकाय वा अधिकारीले प्रकृया पुरा गरी आधार र कारण समेत खोली जिम्मेवारी दिनु उपयुक्त हुने देखिन्छ। एकै कार्यालयमा कुन सेवा समूहको व्यक्ति कार्यालय प्रमुख हुने भनी कानूनमा स्पष्ट प्रावधान र मापदण्ड नभएको र फरक दर्जा र कार्यप्रकृति पनि फरक फरक रहेको अवस्थामा कार्यालय प्रमुख हुने दर्जा पुगेका तहका एक भन्दा वढी पदाधिकारी मध्ये कसलाई कार्यालय प्रमुखको जिम्मेवारी दिने भनी निर्णय गर्ने अधिकार सम्बन्धित अख्तियारवालामा निहित रहन जाने देखिन्छ।

१६. निवेदक डा. विष्णु गौतम कार्यरत रहेको पद र सेवा समुह स्वास्थ्य सेवा जनरल हेल्थ सर्भिसेज समुह अन्तर्गत रहने पदहरुको विवरण रहेको अनुसूची को सि.नं. ३ मा रहेको देखियो। यी निवेदकको सो पद नेपाल सरकारले निर्धारण गरेको ११ औं तहको पदनाम प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ड देखियो। त्यसै गरी प्रत्यर्थी डा. इन्द्र ढकाल नेपाल स्वास्थ्य सेवा सर्जरी समुह अन्तर्गत रहने पदहरुमा मर्यादाक्रमको अनुसूचीको विवरणमा क्र.सं. १९ औं मा रही १० औं तहका विशेषज्ञ कर्मचारी रहेको भन्ने देखिन्छ। साथै सोही अस्पतालमा निवेदकको पद अनुसारको ११औं तहको दरवन्दी तेरिजमा ९ जना समान तहका विभिन्न समुहका विशेषज्ञ चिकित्सक रहेको र निजभन्दा बरिष्ठ चिकित्सक समेत ४ जना रहेको भन्ने

विपक्षीको लिखित जवाफ समेतबाट देखिंदा निवेदकले आफ्नो पदनाम प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ड भएको आधारमा मात्र आफू नै प्रशासकीय प्रमुखको रुपमा जिम्मेवारी पाउनु पर्ने भन्ने निवेदन जिकिर कानूनतः मिलेको देखिएन।

१७. दोश्रो प्रश्नको सम्बन्धमा विचार गर्दा लुम्विनी प्रादेशिक अस्पताल वुटवलमा कुन तहको पद वा कुन समुहमा कार्यरत चिकित्सकलाई लुम्विनी प्रादेशिक अस्पताल बुटवलको प्रशासकिय प्रमुखको जिम्मेवारी दिने भन्ने सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था नभएको अवस्थामा सम्वन्धित प्रदेशको प्रदेश निजामती सेवा ऐन अर्थात लुम्विनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३ (१) तथा दफा ११५ अनुसार प्रदेश तहको स्वास्थ्य सेवा समेतलाई व्यवस्थापन गर्ने अधिकार प्रदेश सरकार सक्षम नै रहेको देखिँदा प्रत्यर्थी डा. इन्द्र ढकाललाई पहिलेको कार्य अनुभव समेतका आधारमा निमित्त मेडिकल सुपरिन्टेन्डेण्डको कार्य गर्ने गरी जिम्मेवारी तोकिएको हुँदा अन्यथा भनिरहनु पर्ने देखिएन।

१८. **नेपाल स्वास्थ्य सेवा ऐन, २०५३, नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ ले प्रादेशिक अस्पतालको प्रमुख (मेडिकल सुपरिन्टेन्डेण्ड) को जिम्मेवारी कुन समुह वा उप समुह भित्रको कुन दर्जाको पदाधिकारीलाई दिने भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था गरेको देखिन आएन।** यसरी ऐनले यो पदाधिकारीलाई मेडिकल सुपरिन्टेन्डेण्ड को जिम्मेवारी दिने भनी व्यवस्था नगर्दैमा उपलव्ध भएसम्मका योग्य व्यक्तिहरुलाई बाहेक गरेर अन्यलाई प्रमुख जिम्मेवारी दिन सिद्धान्ततः मिल्ने अवस्था हुँदैन। कार्यालयमा कार्यालय प्रमुख हुने दर्जा पुगेका एक जना मात्र पदाधिकारी कार्यरत रहेको अवस्थामा कसलाई कार्यालय प्रमुखको जिम्मेवारी दिने भन्ने सम्बन्धमा कुनै विवाद हुने देखिएन **तर योग्यता पुगेका वा समान दर्जाका एक भन्दा वढी पदाधिकारी कार्यरत रहेको अवस्थामा कसलाई कार्यालय प्रमुखको जिम्मेवारी दिने भन्ने सम्वन्धमा निजहरुको जेष्ठता, योग्यता, कार्यकुशलता, व्यवस्थापकीय क्षमता र निजको नियुक्तिबाट सेवा प्रवाहमा देखिन सक्ने प्रभावकारिता र समन्वय गर्न सक्ने क्षमता समेतको मूल्याङ्कन गरी अख्तियारवालाले निश्चित प्रकृया पुऱ्याई निर्णय गर्नु पर्ने हुन्छ।**

१९. यसरी कानूनले के कुन समुह, उपसमुहका चिकित्सकलाई अस्पतालको प्रमुख (मेडिकल सुपरिन्टेन्डेण्ड) बनाउने भनी कानूनमा स्पष्ट उल्लेख नगरेको कारण देखाई प्रादेशिक अस्पताल वुटवलमा जुनसुकै दर्जाको पदाधिकारीलाई कार्यालय प्रमुखको जिम्मेवारी दिन मिल्छ भन्ने कानूनको आसय नभए तापनि सरकारी कार्यालयहरुमा कार्यालय प्रमुखको जिम्मेवारी दिंदा सृजित दरवन्दी अनुसार कार्यरत रहेका तोकिएको योग्यता पुगेका पदाधिकारीहरु मध्ये प्रदेश

सरकारले गरेको निर्णयका आधारमा विपक्षी डा. इन्द्र ढकाललाई प्रादेशिक अस्पताल वुटवलको निमित्त जिम्मेवारी दिएको सम्बन्धमा बोलिरहनु पर्ने देखिएन।

२०. निरुपण हुनुपर्ने तेश्रो प्रश्नको सम्बन्धमा विचार गर्दा निवेदकले मेरो पद अनुसार प्रादेशिक अस्पताल वुटवलको मेडिकल सुपरिन्टेन्डेण्डको जिम्मेवारी मैले पाउनु पर्छ भन्ने दावी लिएको देखियो। रिट निवेदकको माग बमोजिम कुनै पदनाम हुँदैमा र कुनै माथिल्लो पदमा कार्यरत रहदैमा निज वाध्यात्मक रुपमा अस्पतालको प्राशासकीय प्रमुखको रुपमा नियुक्ति हुन पाउने कानूनी अधिकार स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५ ले सृजना गरेको देखिएन। लुम्विनी प्रादेशिक अस्पताल वुटवलमा ११ औं तहका ९ जना चिकित्सकहरु कार्यरत रहेका र ४ जना चिकित्सकहरु यी निवेदकभन्दा जेष्ठतामा अगाडी रहेका भन्ने उल्लेख गरेको देखियो। समान पदका एक भन्दा वढी पदाधिकारी कार्यरत रहेको अवस्था तथा अन्य योग्यता पुगेका व्यक्तिहरु मध्येबाट सो प्रादेशिक अस्पताल वुटवलको मेडिकल सुपरिन्टेन्डेण्डको जिम्मेवारी कसलाई दिने भन्ने अधिकार प्रदेश सरकारमा निहित रहेको देखिएको अवस्थामा निवेदकले नै मेडिकल सुपरिन्टेन्डेण्डको जिम्मेवारी पाउनु पर्छ भन्ने निवेदन दावी मनासिव देखिन आएन। कानूनले पद संगै स्पष्ट रुपमा अस्पताल प्रमुखको हैसियत तोकिएको नदेखिँदा निवेदकको कानूनी हक उल्लंघन भई सो अनुसारको मौलिक हक उल्लंघन भएको मान्न सक्ने देखिएन।

२१. मेडिकल सुपरिन्टेन्डेण्ड कार्यालय प्रमुखको रुपमा कार्यरत रहनु पर्ने तथा निज प्रदेश सरकार प्रति उत्तरदायी भई सेवाग्राहीलाई अधिकतम सेवा प्रदान गर्ने तर्फ योजना तथा कार्यक्रम ल्याउन सक्ने सोच तथा दृष्टिकोण भएको व्यक्ति हुनु पर्दछ। **कार्यालय प्रमुखको जिम्मेवारी पाउने व्यक्ति चयन गर्दा जिम्मेवारी तोक्ने निकायले सम्भाव्य उम्मेद्वारहरुको व्यवस्थापन, नेतृत्व र निर्णय क्षमताको विश्लेषण गर्दै त्यस्ता व्यक्तिहरुको सञ्चार कौशल, अनुभव, प्राविधिक ज्ञान, ईमान्दारिता, पारदर्शिता, संकट व्यवस्थापन क्षमता, विगतमा गरेका कार्यहरुको मूल्याङ्कन, सेवा प्रवाहमा ल्याउन सक्ने छिटो छरितोपना जस्ता विविध पक्षहरुको समेत विश्लेषण गरी नेतृत्व प्रदान गर्नु पर्ने हुन्छ।** नेतृत्व लिन्छु भन्ने व्यक्तिले नेतृत्वमा रहँदा हाल भइरहेका सेवाका क्षेत्रहरुमा के कस्ता प्रभावकारी परिवर्तन गर्ने भन्ने खाका समेत तयार पार्न सक्नु पर्छ। प्रदेश स्तरीय अस्पतालले सेवाग्राहीहरुका स्वास्थ्य समस्याका सम्वन्धमा प्रभावकारी उपचार पद्धती अवलम्वन गर्ने, सेवाग्राहीहरुलाई आधुनिक प्रविधीको अधिकतम प्रयोगबाट तुलनात्मक रुपमा प्रभावकारी सेवा प्रदान गर्न सक्नु पर्दछ। यी सवै पक्षहरुलाई विश्लेषण गर्दै प्रदेश सरकारले

प्रदेश स्तरीय अस्पतालको क्षमता अभिवृद्धि गर्दै जनताको स्वास्थ्य उपचार पाउँने अधिकारको संरक्षण गर्दै उचित व्यक्ति छनोट गर्ने तर्फ ध्यान दिनु पर्छ।

२२. स्वास्थ्य सेवा सर्जरी समुहका १० औं तहका वरिष्ठ कन्सल्टेन्ट अर्थोपेडिक सर्जन डा. ईन्द्र ढकाललाई निमित्त मेडिकल सुपरिन्टेन्डेण्डको जिम्मेवारी तोक्ने गरी भएको प्रदेश सरकार (मन्त्रिपरिषद) को निर्णय वदर गर्नु पर्ने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा, लुम्विनी प्रादेशिक अस्पताल वुटवलमा ११ औं तहका ९ जना चिकित्सकहरु तथा अन्य योग्यता पुगेका १० औं तहका चिकित्सकहरु पनि कार्यरत रहेको भन्ने देखियो। निज प्रत्यर्थी डा. इन्द्र ढकाल यस भन्दा अघि पनि सो पदमा नियुक्त भई कार्यरत रहेको र निजको नियुक्तिको योग्यता नै नपुगेको भन्ने कानूनी आधार नदेखिएकोले प्रदेश सरकार लुम्विनीबाट १० औं तहका बरिष्ठ कन्सल्टेण्ट अर्थोपेडिक सर्जन डा. इन्द्र ढकाललाई निमित्त प्रशासकीय प्रमुखको जिम्मेवारी दिने गरी मिति २०८१।२।१८ मा भएको निर्णय उत्प्रेषणको आदेशले वदर गरिरहनु परेन। प्रत्यर्थी डा. इन्द्र ढकाल हाल निमित्त सम्म रहेको र लुम्विनी प्रादेशिक अस्पताल वुटवलमा पूर्णकालिन मेडिकल सुपरिन्टेन्डेण्ड नियुक्त हुन बाँकी नै रहेको देखिएको अवस्थामा हाललाई निजलाई पदबाट हटाइ रहनु वा निजको नियुक्ती उत्प्रेषणको आदेशले बदर गरिरहनु परेन।

२३. तोकिएको योग्यता पुगेका मध्यबाट को व्यक्ति लुम्विनी प्रादेशिक अस्पतालको प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ड हुन सक्दछ भन्ने सम्बन्धमा, अस्पतालको प्रशासकिय प्रमुखको नियुक्तिमा एक प्रकारको अनुमानयोग्यता, पारदर्शीता र विश्वासनियता हुनु पर्ने देखिएकाले यस परिप्रेक्षमा लुम्विनी प्रादेशिक अस्पतालको प्रशाकीय प्रमुखको नियुक्ति गर्दा प्रदेश सरकारले योग्यता पुगेका आकांक्षीहरु मध्येबाट संभव भएसम्म पूर्व अनुभव भएका वा सार्वजनिक स्वास्थ्य (**Public Health**) वा अस्पताल व्यवस्थापन (**Hospital Management**) अध्ययन गरेका मध्यबाट दरखास्त आव्हान गर्ने, छनौटका आधार तयार पार्ने, निजहरुसंग एक प्रकारको कार्य योजना प्रस्तुतीको माग गर्ने र निश्चित मापदण्डको आधारमा वढी अंक प्राप्त गर्ने व्यक्तिलाई छनौट गर्नु पर्ने प्रकृया अपनाउनु स्वास्थ्य संस्था अर्थात अस्पतालको लागि एक मार्गदर्शक प्रकृया मान्नु पर्ने देखिन्छ। तसर्थ हाल नियुक्त डा. इन्द्र ढकाल निमित्त मात्र रहेको अवस्थामा उल्लेखित प्रकृया र मापदण्ड तय गरी यथाशिघ्र प्रशासकिय प्रमुखको रुपमा कार्य गर्ने मेडिकल सुपरिन्टेन्डेण्डको नियुक्ति गर्नु भनी विपक्षीहरुका नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ। अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

माथी ठहर खण्डमा लेखिएबमोजिम विपक्षीहरुका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहरी फैसला भएकाले सर्वोच्च अदालत नियमावली, २०७४ नियम १२७(४) बमोजिम प्रस्तुत फैसलाको जानकारी फैसला कार्यान्वयन निर्देशनालयलाई दिनू.................................१

प्रस्तुत आदेश यथासिघ्र कार्यान्वयन गरी सो को जानकारी फैसला कार्यान्वयन निर्देशनालयलाई दिनु भनी आदेशको प्रतिलिपि सहित प्रत्यर्थी विपक्षीहरुलाई लेखि पठाइदिनु...................२

आदेशको विद्युतीय प्रती यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू.........................................३

(हरिप्रसाद फुयाल)

न्यायाधीश

उक्त रायमा म सहमत छु।

(अब्दुल अजीज मुसलमान)

न्यायाधीश

इजलास अधिकृत (उप सचिव): दिपक पोखरेल

कम्प्युटर अपरेटरः शंकर गुरुङ्ग

इति सम्वत् २०८१ साल भदौ ३० गते रोज १ शुभम् ...................................।